# सामुदायिक माध्यमिक विद्यालयहरूमा गणित विषयको शैक्षिक उपलब्धि

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक

योजना तथा व्यवस्थापन विभाग अन्तरगत स्नाकोत्तर

तह दोस्रो

बर्षको **Ed. 598** विषयको

आंशिक आवश्यकता

पूरा गर्नको लागि

तयार पारिएको

शोधपत्र


प्रस्तुतकर्ता
भक्तबहादुर कार्की
क्याम्पस रोल्नं. -७१/०६२/०६४
परीक्षा रोल्न - २१४०००८
त्रि.वि.दार्ता नं. : २-१-१७-७-९९

सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ्ग



२०६६

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त

# सुकुना बहुमुखी क्याम्पस
# SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित : २०४८

☎ ०२१-५६५६१७
☎ ०२१-५६५७१७
फ्याक्स ०२१-५६५७१७

पत्र सङ्ख्या :
चलानी नम्बर :

मिति ..........

विषय : **सिफारिस पत्र**

यस क्याम्पसका M.Ed दोस्रो वर्षका विद्यार्थी भक्तबहादुर कार्कीद्वारा "सामुदायिक माध्यमिक विद्यालयहरूमा गणित विषयको शैक्षिक उपलब्धि" शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा पुरा गर्नु भएको हो । यस शोधपत्रको अध्ययन, अध्ययन विधि, प्रस्तुतिकरण र निष्कर्षबाट म सन्तुष्ट छु । अत: शोधपत्र मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति:२०६६/५/२१

(शोध निर्देशक)
भोजराज घिमिरे
सुकुना बहुमुखी क्याम्पस

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त
# सुकुना बहुमुखी क्याम्पस
# SUKUNA MULTIPLE CAMPUS
इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित : २०४८
☎ : ०२१-४४४६१७
☎ : ०२१-४४४०१७
फ्याक्स : ०२१-४४४०१७

पत्र संख्या :
चलानी नम्बर :

मिति ..........

विषय : स्वीकृति पत्र

शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभागका विद्यार्थी भक्तबहादुर कार्कीले "सामुदायिक माध्यमिक विद्यालयहरूमा गणित विषयको शैक्षिक उपलब्धि" शीर्षक राखी शोध निर्देशक भोजराज घिमिरेको प्रत्यक्ष निर्देशनमा तयार पार्नु भएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागिय प्रमुख | |
| २. | श्री गणेशप्रसाद दहाल | सदस्य, शोध समिति | |
| ३. | श्री भोजराज घिमिरे | शोध निर्देशक | |
| ४. | प्रा.डा. वासुदेव काफ्ले | वाह्यपरीक्षक | |

मितिः २०६६/६/१

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङले "सामुदायिक माध्यमिक विद्यालयमा गणित विषयको शैक्षिक उपलब्धि" शीर्षकमा शोधपत्र तयार गर्न स्वीकृति दिई मेरो इच्छालाई पूरा गर्ने अवसर दिनुभएकोमा म सम्बन्धित विभागमा कार्यरत सम्पूर्ण आदरणीय गुरूहरू प्रति आभार व्यक्त गर्दै हार्दिक कृतज्ञाताज्ञापन गर्दछु ।

शिक्षा नै मानवको सर्वाङ्गिण विकास गर्ने उपयुक्त साधन भएकाले हरेक व्यक्तिले शिक्षाको न्यानो ज्योतिको अनुभव गर्न पाउनु पर्छ । आधारभूत ज्ञान प्राप्त गरी गुणस्तरीय जीवन यापन गर्न सकिन्छ । त्यसमा पनि मानिसको जीवनमा गणित विषयको अति महत्व छ । गणितमा सफलता हाँसिल गर्न नसकेकौ कारण कतिपय विद्यार्थीहरूले विचैमा कक्षा छाड्ने गरेको पाइएकाले यस शोधपत्रले ताप्लेजुङ्ग जिल्लामा सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत्त विद्यार्थी तथा अध्यापनरत शिक्षकलाई समेत गणित विषयको शैक्षिक उपलब्धि वृद्धि गर्नमा सहयोग पुऱ्याउने आशा राखेको छु ।

शोध निर्देशक गुरू श्री भोजराज घिमिरेज्यूले आफ्नो व्यस्तताको बावजुद पनि समय निकाली समयस्यहरू समाधान गर्नमा पटक पटक प्रश्न गर्दा पनि झर्को नमानी मिठो भाषा र शैलीमा उपयुक्त निर्देशन दिनु भएकोमा उहाँ प्रति म ठूलो ऋणी भएको सम्झन्छु र हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी शोधपत्र तयार गर्ने उचित वातावरण मिलाई सहयोग गरी दिनु हुने यस सुकुना बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री रामप्रासद काफ्लेज्यू र उचित सल्लाह तथा सुझावहरू दिई सहयोग गर्नु हुने शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागिय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठज्यू, प्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधकार्य गर्ने क्रममा आवश्यक सल्लाह सुझाव प्रदान गर्नु हुने जिल्ला शिक्षा कार्यलय ताप्लेजुङ्गका कर्मचारीहरू, सम्बन्धित स्रोतव्यक्तिहरू, सम्बन्धित विद्यालयका प्रधानाध्यपकज्यूहरू, सम्बन्धित विद्यालयका गणित शिक्षकहरू, अभिभावकहरू तथा विद्यार्थीहरूले कुनै शंका नमानी उत्तरहरू दिइएर शोधपत्र तयार गर्न सहयोग गरिदिनु भएकोमा उहाँहरू प्रति पनि कृतज्ञता व्यक्त गर्दछु । यस शोधकार्यलाई तयार गर्ने क्रममा आवश्यक सल्लाह सुझाव दिनु हुने श्री सरस्वती उच्च मा.वि. सिकैचाका सम्पूर्ण सहयोगी सहकर्मी शिक्षकहरू प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस शोधपत्र तयार गर्ने क्रममा मलाई सुझावहरू प्रदान गर्ने मेरी जीवनसाथी रामकुमारी भट्टराई तथा लेखन कार्यमा सहयोग गर्नु हुने विभिन्न संघ संस्था छपाई कार्यमा सहयोग गर्नु हुने हाम्रा टिना फोटो स्टुडियो तथा

सफ्टेक कम्प्युटर सेन्टरका भाई धर्मेन्द्र दुलाललाई पनि कृतज्ञता व्यक्त गर्दछु साथै यस शोधपत्रको शुद्धा शुद्धि हेर्नका लागि आफ्नो अमूल्य समय दिएर सहयोग गर्नु हुने श्री सरस्वती उच्च मा.वि. सिकैचा ताप्लेजुङ्गका गुरू श्री चिरञ्जीवी पौडेलज्यू प्रति आभार व्यक्त गर्दछु । साथै मेरा जन्मदाता माता विन्दमाया कार्की र स्व. पिता रामप्रसाद कार्की प्रति पनि म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

अन्त्यमा यो शोधपत्र लेखन कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गरिदिनु हुने सम्पूर्ण संघ संस्थाहरू र महानुभावहरू प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु र मूल्याङ्कन गर्नका लागि त्रिभुवन विश्वविद्यालय सुकुना बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभागमा पेश गर्दछु ।

**भक्तवहादुर कार्की**

**सुकुना बहुमुखी क्याम्पस**

**इन्द्रपुर मोरङ्ग**

# शोधसार

यो "सामुदायिक माध्यमिक विद्यालयहरूमा गणित विषयको शैक्षिक उपलब्धि " शीर्षकमा यो शोधपत्र नेपालको दुर्गम तथा विकट जिल्ला ताप्लेजुङ्गमा सञ्चालित ३६वटा सामुदायिक विद्यालयहरूलाई आधार मानि तयार पारिएको छ । ताप्लेजुङ्ग जिल्लाको भौगोलिक अवस्थिति र ताप्लेजुङ्ग जिल्लाका जम्मा सामुदायिक विद्यालयहरूको विवरण तालिकामा देखाइएको छ । ताप्लेजुङ्ग जिल्लामा अधिकांश विद्यार्थीहरू गणित विषयमा असफल भएको ऐतिहासिक पृष्ठभूमिका साथमा यस विषयमा शोधपत्र तयार गर्ने कारण छ । यस अध्ययनका लागि जीन पियाजेको सिकाइ सिद्धान्त , MC Gregor X र Y सिद्धान्त र Peter F.Drucker को सिद्धान्तको सहायता लिएको छ । अध्ययनका उद्देश्यहरू तपशिल बामोजिम रहेका छन् ।

क) S.L.C परीक्षाको गणित बिषयको परिणामको लेखाजोखा गर्ने ।

ख) गणित विषयमा देखिएका समस्याहरू पहिचान गर्ने ।

ग) गणित विषयका देखिएका समस्याहरू समाधान गर्ने उपयाहरू सुझाउने ।

यस अध्ययनको लागि गुणात्मक र परिमाणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । जनसंख्या र नमूनामा ३६ वटा माध्यमिक सामुदायिक विद्यालयहरू मध्ये ४ वटा मात्र र ४ वटा विद्यालयका ४ गणित शिक्षक, ४ प्र.अ. तथा ५ अभिभावक उद्देश्यमूलक छनौट विधिबाट र प्रत्येक विद्यालयबाट ५ जनाका दरले २० विद्यार्थीहरू Random Sampling Method बाट लिएका छन् । तथ्याङ्क संकलन गरी सकेपछि तिनीहरूको विश्लेषणका लागि गणित विषयको वर्तमान परिणाम पहिचान गर्न एस.एल.सी. परीक्षाको २०६२,२०६३ र २०६४ सालको मार्क लेजरबाट तालिका निर्माण गरी उक्त तालिकालाई विश्लेषण गर्ने काम गरी स्तम्भचित्रमा समेत देखाइएको छ । त्यसै गरी गणित विषयको परिणाम पहिचानको लागि स्रोत व्यक्ति, प्र.अ., गणित शिक्षक, विद्यार्थी र अभिभावकहरूलाई प्रश्नावलीका साथै प्रत्यक्ष छलफल र अन्तर्वाता लिएको छ । प्रत्येक व्यक्तिबाट आएका उत्तरलाई समेत तालिकामा देखाएर ५०% भन्दा बढी उत्तरलाई नै मान्यता दिएको छ ।

गणित विषयका समस्याहरू पत्ता लगाउनको लागि स्रोत व्यक्ति, प्र.अ. , गणित शिक्षक, विद्यार्थी र अभिभावक प्रत्येकलाई छुटाछुट्टै प्रश्नावली निर्माण गरी प्रश्नावली भराएर त्यसबाट आएका उत्तरहरू तालिकिकरण गरी तिनीहरूको विश्लेषण गरिएको छ । औषत रूपमा जसले जुन उत्तरलाई बढि

प्रथामिकता दिएका छन् । त्यही उत्तरलाई नै सही उत्तर मानिएको छ । गणित विषयमा धेरै जसो समस्याहरू विद्यार्थीहरूकै कारणबाट आएका कुरालाई नर्कान सकिदैन । त्यस्तै कुनै समस्या व्यवस्थापनका कारण त कुनै समस्या प्रशासककै कारणबाट उत्पन्न हुने कुरालाई अनुसन्धानमा समेटिएको छ ।

प्राप्त सुझावहरूलाई केलाएर हेर्दा गणित विषय गाह्रो विषय हो भन्ने विद्यार्थीहरूमा परेको मनोवैज्ञानिक असर हटाउनु पर्छ । गणित शिक्षणमा आधुनिक शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग गर्नु पर्छ । परम्परागत प्रवचन विधिबाट मात्र शिक्षण गर्नु हुदैन, विद्यालय तहमा गणित किन पढ्नु पर्छ भन्ने स्पष्ट उद्देश्य किटान हुनु पर्छ, सामुदायिक विद्यालयमा छोराछोरी पढाउने अभिभावकको आय स्तरलाइ वृद्धि गरी शिक्षामा लगानि गर्न लगाउनु पर्छ, गणित विषयका शिक्षकका लागि छुट्टै तालिमको व्यवस्था गरिनु पर्छ, शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्छ । कक्षोन्नति नीति सुधार गर्नु पर्छ, विद्यार्थी मूल्याङ्कन गर्ने उपयुक्त साधन र स्रोत प्रयोग छनोट गर्नु पर्छ । शिक्षा नीति छिनछिनमा बदलिनु हुदैन, शिक्षकहरू आफ्ना पेशामा इमान्दार हुनु पर्छ, विषयगत शिक्षकको अभाव हुनु हुदैन, धेरै जसो शिक्षकहरू अस्थायि रहनु हुदैन वा शिक्षकको पेशाको ग्यारेन्टि हुनुपर्छ जस्ता उपायहरू गणित विषयसँग सम्बन्धित छन् । गणित विषयका यस्ता समस्याहरू हटाउने उपायहरू खोजि सुधार गर्न सकिएको खण्डमा अवश्य पनि यस विषयको शैक्षिक उपलब्धि वृद्धि हुने थियो होला । ताप्लेजुङ्ग जिल्लाका साथै देशभरिका सम्पूर्ण मा.वि.हरूमा गणित विषयमा गुणात्मक र परिमाणात्मक सुधार गर्न सकिने छ ।

## तालिकासूची


| क्र.स. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | सामुदायिक विद्यालयहरू | २ |
| २. | छनौट गरिएका विद्यालय | १५ |
| ३. | २०६२ सालको एस.एल.सी परीक्षा परिणाम | १९ |
| ४. | २०६३ सालको एस.एल.सी. परीक्षाको परिणाम | २१ |
| ५. | २०६४ सालको एस.एल.सी. परीक्षाको परिणाम | २२ |
| ६. | २०६२,२०६३ र २०६४ सालको एस.एल.सी. परीक्षाको परिणाम | २३ |
| ७. | विद्यार्थीका लागि सोधिएका प्रश्नहरु | २५ |
| ८. | विद्यार्थीको लागि सोधिएको प्रश्न | २५ |
| ९. | विद्यार्थीको लागि सोधिएको प्रश्न | २६ |
| १०. | अभिभावक, गणित शिक्षक र विद्यार्थीलाई सोधिएको प्रश्न | २७ |
| ११. | प्र.अ., शिक्षक र विद्यार्थीलाई सोधिएको प्रश्न | २८ |

## चित्रसूची


| क्र.स. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | २०६२ सालको एस.एल.सी परिणाम | २० |
| २. | २०६३ सालको एस.एल.सी. परिणाम | २२ |
| ३. | २०६४ सालको एस.एल.सी. परिणाम | २३ |
| ४. | २०६२, २०६३ र २०६४ को एस.एल.सी परिणाम | २४ |

## विषयसूचि


| | पेज |
|---|---|
| सिफारिस पत्र | |
| स्वीकृती पत्र | |
| कृतज्ञताज्ञापन | |
| शोधसारांश | |
| तालिकासूची | |
| चित्रसूची | |


### परिच्छेंद : एक
### परिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | २ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ४ |
| १.४ अध्ययनका उद्देश्यहरू | ५ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ५ |
| १.६ अध्ययनको परिसिमा | ५ |


### परिच्छेंद : दुई
### अध्ययनको सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको सिंहावलोकन


| | |
|---|---|
| २.१ अध्ययनको सैद्धान्तिक खाका | ७ |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |

२.३ पुनरावलोकनको उपादेयता १३

## परिच्छेंद : तीन
## अध्ययन विधि

३.१ अध्ययनको ढाँचा १४
३.२ जनसंख्या र नमुना १४
३.३ नमुना छनौट विधि १५
३.४ अनुसन्धानात्मक साधनहरू १६
३.४.१ प्रश्नावली १६
३.४.२ अवलोकन १६
३.४.३ छलफल १६
३.४.४ अन्तरवार्ता १७
३.५ साधनको वैधता १७
३.६ तथ्याङ्कको स्रोतहरू १८
३.६.१ प्रथमिक स्रोतहरू १८
३.६.२ द्वितीय स्रोतहरू १८
३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया १८

## परिच्छेंद : चार
## तथ्याङ्कको तालिकीकरण र विश्लेषण

४.१ एस.एल.सी परीक्षामा गणीत विषयको परिणाम १९
४.२ प्र.अ. र स्रोत व्यक्तिको गणित विषयमा चासो २५
४.३ गणित विषयमा देखिएका समस्याहरू २७

४.४ गणित विषयमा दखिएका समस्याहरू समाधानका उपायहरू २८

## परिच्छेद : पाँच
## प्राप्तिहरू, निष्कर्ष तथा सुझावहरू


५.१ प्राप्तिहरू ३१

५.२ निष्कर्ष ३३

५.३ सुझावहरू ३५

**सन्दर्भ सामग्री**

**अनुसूचिहरू**